मनराशिसवा नगरपालिका
Manarashiswa Municipality
नगर कार्यपालिकाको कार्यालय
Office Of The Municipal Executive
मनरा/Manara
मधेश प्रदेश नेपाल/ Madhesh Province No,Nepal

प.स./ReferenceNo.: ०७९/८०

च.नं./Dispatch No. :

मिति : २०७९।०४।०२

सूचना सूचना सूचना

विषय : सामाजिक सुरक्षा परिचयपत्र नविकरण तथा लाभग्राही सुचिकरण सम्बन्धमा अत्यन्त जरुरी सूचना ।

उपरोक्त सम्बन्धमा आ.व २०७८।०७९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु आ.व. २०७९।०८० मा समेत सामाजिक सुरक्षा भत्ता लिन चाहेमा तपशिल बमोजिमको कागजपत्र लिई सम्वन्धित वडा कार्यालयमा मिति २०७९ भाद्र १५ गते सम्ममा स्वयम उपस्थित भई सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्नु हुन जानकारी गराईन्छ । तोकिएको समयमा नविकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन् । साथै ६८ वर्ष पुरा भएका जेष्ठ नागरिकहरुलाई समेत दुई प्रति फोटो,नागरिकता सक्कल तथा फोटोकाँपी का साथ निवेदन दिई सामाजिक सुरक्षा भत्ताका लागी सुचिकृत हुन जानकारी गराईन्छ ।

तपशिल

१. सक्कल तथा एक प्रति फोटोकाँपी सामाजिक सुरक्षा परिचयपत्र ।
२. जेष्ठ नागरिक तथा दलित जेष्ठ नागरिकको हकमा सक्कल नागरिकता ।
३. एकल महिला (६० वर्ष माथीको विधवा)को हकमा सक्कल नागरिकता र पतिको मृत्यु दर्ता (सक्कल)
४.विधवा ( ६० वर्ष मुनि)को हकमा सक्कल नागरकिता र पतिको मृत्यु दर्ता (सक्कल) का साथै अर्को विवाह नगरेको प्रमाण ।
५. पुर्ण अपाङ्ग (क वर्ग) को हकमा सक्कल नागरकिता/जन्म दर्ता, सक्कल अपाङ्गता परिचय पत्र र संरक्षको सक्कल नागरकिता
६. अति अशक्त अपाङ्ग (ख वर्ग) को हकमा सक्कल नागरकिता/जन्म दर्ता, सक्कल अपाङ्गता परिचय पत्र ।
७. बालबालिकाको हकमा सक्कल जन्म दर्ता र संरक्षकको नागरिकता ।

नोट : बालबालिका, अशक्त प्रमाणित व्यक्ति तथा अपाङ्गता भएका व्यक्ति वाहेक अन्यको हकमा लाभग्राही आफैं उपस्थित हुनु पर्नेछ ।

२०७९।०४।०२

रणजित कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

रणजित कुमार यादव
प्रमुख प्रशासकिय अधिकृत

आज्ञा प्रतिलिपि
२०७९।०४।०२